# मेन्छयायेम गाउँपालिका
Menchhayayem Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office Of The Rural Municipal Executive
मोराहाङ्ग,तेह्रथुम
Morahang, Tehrathum

कोशी प्रदेश,नेपाल
Koshi Province, Nepal

सूचना नं.:- १४-०८३।०८४

**सेवा करारमा कर्मचारी पदपूर्ति सम्बन्धी सूचना !**

*(सूचना प्रकाशित मिति २०८३/०६/२८ गते)*

यस मेन्छयायेम गाउँपालिका अन्तरगत रिक्त रहेका देहायका उल्लिखित पदमा करार सेवामा नियुक्ति गर्नुपर्ने भएकाले इच्छुक योग्यता प्राप्त नेपाली नागरिकले यो सूचना प्रकशित भएको मितिले पन्ध्र (१५) दिनिभत्र कार्यालय समयभित्र तोकिएको शुल्क तिरेको रसिद सहित दरखास्त दिनुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**देहाय**

| विज्ञापन नं. | पद | तह | सेवा/समूह | माग पद संख्या |
|---|---|---|---|---|
| ०२-०८३।०८४ (पुनः प्रकाशित) | अमिन | सहायकस्तर चौथो | इन्जिनियरिङ्ग/सर्वे | १ |
| ०३-०८३।०८४ | कार्यालय सहयोगी | श्रेणीविहीन | विविध | १ |

**१३. आवश्यक न्यूनतम योग्यता:-**

| | |
|---|---|
| अमिन | मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित विषय लिइ एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी सम्बन्धित विषयमा कम्तिमा १ वर्ष तालिम प्राप्त गरेको हुनुपर्नेछ । |
| कार्यालय सहयोगी | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी साधारण लेखपढ गर्न सक्ने हुनुपर्नेछ । |

**१४. आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरू:-** नेपाली नागरिकता प्रमाणपत्र, न्यूनतम शैक्षिक योग्यता, लब्धाङ्क प्रमाणपत्र तथा चारित्रिक प्रमाणपत्रको प्रतिलिपि, कार्य अनुभवको प्रमाणपत्रको प्रतिलिपि, २ प्रति पासपोर्ट साइजको फोटो, पुरूषको हकमा १८ वर्ष पूरा भइ ४० वर्ष ननाघेको हुनुपर्नेछ भने महिलाको हकमा ४५ वर्ष ननाघेको हुनुपर्नेछ ।

**१५. सेवा सुविधा तथा अवधि:-** नेपाल सरकारको नियमानुसार तथा २०८४ असार मसान्त (कार्यसम्पादन सन्तोषजनक भएमा करार अवधि थप हुनेछ।)

**१६. दरखास्त दिने स्थान :-** मेन्छयायेम गाउँ कार्यपालिकाको कार्यालय, मोराहाङ्ग, तेह्रथुम ।

**१७. आवेदन दस्तुर:-** सहायकस्तर चौथो तहका लागि ८०० रूपैयाँ र कार्यालय सहयोगी श्रेणीविहीनका लागि ५०० रूपैयाँ कुमारी बैंक लिमिटेड, मेन्छयायेम शाखा, खाता नं.:- २७२०२४७११८९००००५ नाम:- GA1.1 ANTARIK RAJASWA KHATA (राजश्व दस्तुरका लागि राजश्व शाखामा कार्यरत कर्मचारी प्रेमप्रकाश भट्टराई सम्पर्क नं. ९८४३२५०५७३)

**१८. छनौटको किसिम:-** संक्षिप्त सूची प्रकाशन, लिखित र अन्तरवार्ता

**१९. पाठ्यक्रम:-** अमिन पदको लागि कोशी प्रदेश लोकसेवा आयोगले निर्धारण गरेको पाठ्यक्रमअनुसार हुनेछ भने कार्यालय सहयोगी पदका लागि गाउँपालिकाले निर्धारण गरेको मापदण्डअनुसार हुनेछ ।

**२०. दरखास्त दिने अन्तिम मिति:-** २०८३ कार्तिक ११ गते बुधबार (कार्यालय समय भित्र)

**२१.** म्याद नाघि प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही गरिने छैन ।

**२२.** यस सूचनामा उल्लेख नभएका विषयहरूको हकमा गाउँपालिकाको सेवा करारमा कर्मचारी व्यवस्थापन कार्यविधि, २०७४ बमोजिम हुनेछ ।

**२३. दरखास्त फारम पाउने स्थान:-** मेन्छयायेम गाउँपालिकाको कार्यालय, मोराहाङ्ग, तेह्रथुममा सम्पर्क गर्नुपर्नेछ ।

**२४. परीक्षा मिति:-** पछि प्रकाशन गरिनेछ ।

**नोट:-** आवेदनको ढाँचालगायत अन्य जानकारीका लागि मेन्छयायेम गाउँपालिकाको कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

२०८३/०६/२८

दिल कुमार अधिकारी
प्रमुख प्रशासकीय अधिकृत